# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 06.09.2024**

**यो आकाशवाणी गान्तोक हो।**

**अब हरिकुमार राईबाट समाचार सुन्नुहोस्।**

J Scindia-CM Meeting: IPR

केन्द्रीय सञ्चार तथा उत्तर पूर्वी क्षेत्रको विकास मन्त्रालय, डोनर मन्त्री श्री ज्योतिरादित्य सिन्धियाले आज गान्तोकको सम्मान भवनमा मुख्यमन्त्री र विभागीय प्रमुखहरूसँग जारी परियोजनाहरूको समीक्षा गर्न र राज्यका लागि भावी विकास योजनाहरूबारे छलफल गर्न महत्त्वपूर्ण बैठक गर्नुभयो। उहाँ हाल सिक्किमका भ्रमणमा हुनुहुन्छ। उत्तर पूर्वी क्षेत्रको विकास मन्त्रालय, डोनरले सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राखेका तीनवटा महत्त्वपूर्ण मागहरूलाई स्वीकृत गरेको छ। श्री सिन्धियाले नेपाली भाषामा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै, मन्त्रालयले सिक्किम सरकारबाट अघि सारेका यी प्रमुख प्रस्तावहरूलाई स्वीकृत गरेको घोषणा गर्नभयो। त्यसमा मङ्गन अस्पतालको स्तरोन्नतिका लागि 6 करोड रुपियाँ, राज्यमा नयाँ मेडिकल कलेज स्थापनाका लागि 170 करोड रुपियाँ अनि नाम्ची जिल्ला अस्पतालमा चिकित्सा उपकरण खरिदका लागि 150 करोड रुपियाँ रहेका छन्। साथै, बैठकबाट राज्य विकासको गतिलाई अगाडि बढाउने मुख्य परियोजनाहरूको कार्यान्वयनलाई गति दिन बहुमूल्य अन्तर्दृष्टि र निर्देशनहरू प्राप्त भएको छ। मन्त्री श्री सिन्धियाले सिक्किम र पूर्वोत्तर क्षेत्रमा विकास प्रयासहरू अगाडि बढाउन मन्त्रालयको पूर्ण समर्थन र सहयोग रहने आश्वासन दिनुभएको छ।

साथै, श्री सिन्धियाले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको पूर्वोत्तरसँगै देशको विकासको परिकल्पना साकार भएको जानकारी दिँदै, आज पूर्वोत्तरमा नौवटा हवाईअड्डा निर्माण भएको र सिक्किममा पाकिम हवाईअड्डा प्रधानमन्त्रीले उद्घाटन गरेको बताउनुभयो। उहाँले सिक्किमका लागि स्मार्ट सिटी, भाइब्रेन्ट भिलेज, अमरुत योजना, स्काई वाक, रेलवे परियोजना, राष्ट्रिय राजमार्गको विस्तारबारे पनि बताउनुभयो र पूर्वोत्तरको विकासका लागि ब्याङ्कर्स सम्मेलन, नर्थईस्ट निवेशक भेला, अष्टलक्ष्मी जस्ता तीन प्रमुख कार्यक्रम रहेको जानकारी दिनुभयो।

**TB-TREATMENT: NSD**

स्वास्थ्य मन्त्रालयले आज देशमा औषधि प्रतिरोधी क्षयरोग, MDR TB को नयाँ छोटो र प्रभावकारी उपचार पद्धति लागू गर्न स्वीकृति दिएको छ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रम अन्तर्गत BPaLM रेजिमेनको प्रयोग अत्यन्त प्रभावकारी छ र यसमा छोटो उपचार विकल्पहरू रहनेछ। मन्त्रालयले थप बताएको छ, यस कदमले क्षयरोग अन्त्य गर्ने राष्ट्रिय लक्ष्य हासिल गरेर देशको प्रगतिलाई उल्लेखनीय रूपमा बढावा दिने अपेक्षा गरिएको छ।

[CM-Wishes Varaha Jayanit: CM Facebook]

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले **वराह जयन्ती**-का शुभ अवसरमा सिक्किमवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले आफ्नो आधिकारिक फेसबुक पोस्टमा भन्नुभएको छ, यस शुभ अवसरमा हामी सबैले ब्रह्माण्ड महासागरको गहिराइबाट पृथ्वी मातालाई बचाएर सन्तुलन र धार्मिकता पुनर्स्थापित गर्ने भगवान विष्णुको तेस्रो अवतार **भगवान वराह**-को दैवी हस्तक्षेपको सम्झना गरौं। ईश्वरीय आशिर्वादले हामीलाई सद्गुण, साहस र बुद्धिका मार्गमा लाग्ने र जीवनका सबै अवरोध पार गर्ने शक्ति प्रदान गरून्। म वराह जयन्तीका सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

[Teej Parva: RNU]

राज्यमा आज तीज पर्व मनाइयो। यस अवसरमा हिन्दु धर्मावलम्बी दिदीबहिनीहरूले आफ्ना पतिका नाउँमा निर्जला व्रत बसी विभिन्न मन्दिरमा गई पूजा अर्चना गरे। राज्यभरि तीजलाई महोत्सवका रूपमा पालन गर्दै, विभिन्न ठाउँमा नृत्य प्रतियोगिता पनि आयोजना गरियो। यसमा सबै आयु वर्गका महिलाहरू सहभागी बने।

NITI-PAUL: NSD

नीति आयोगका सदस्य डा. वीके पलले डिजिटल समाधान मार्फत स्वास्थ्य सेवामा विश्वव्यापी पहुँचसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै, राष्ट्र निर्माणका लागि प्राथमिक स्तरको स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्नु आवश्यक रहेकामा जोड दिनुभयो। उहाँले देशको स्वास्थ्य क्षेत्रमा रूपान्तरणकारी परिवर्तन भइरहेको बताउनुभयो र पछिल्ला युगमा स्वास्थ्य सेवाको बोझ कम गर्न बलियो प्राथमिक स्वास्थ्य सेवा प्रणाली उच्च प्राथमिकतामा रहेको बताउनुभयो। डा. पलले भन्नुभयो, डिजिटल समाधानहरूले जीवनको सहजताको इकोसिस्टमलाई बढावा दिनुपर्छ वा सिर्जना गर्नुपर्छ र जीवनको गुणस्तर उकास्नुपर्छ। यस अवसरमा बोल्दै केन्द्रीय स्वास्थ्य सचिव श्री अपूर्व चन्द्रले सरकारले देशभर स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउनका लागि गरेका विभिन्न डिजिटल पहलहरूबारे प्रकाश पार्नुभयो। उहाँले टेलिमेडिसिन, टेलिमानस र इरक्तकोश पहलले मानिसलाई सहयोग गरिरहेको बताउनुभयो अनि टेलिमेडिसिनमार्फत एक वर्षमा करिब एक करोड ५० लाख परामर्श जनतालाई उपलब्ध गराइएको जानकारी दिनुभयो।

**आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।**